# नेपाल जाइका अलमनाई एशोसिएसन
ネパール JICA 帰国 研修員 同窓会
JICA ALUMNI ASSOCIATION OF NEPAL
(JAAN)

Ref. Date :.....................


मितिः २०६८ / ९ / १८ (जनवरी २ , २०१२)

## सूचना

नेपाल जाइका अलमनाई एशोसियसन (जान) ले जाइका नेपालको सहयोगमा नेपालको शिक्षा क्षेत्र (Capacity Building & Volunteer Support) मा हाल सम्म गरेको सहयोगको अवस्था, प्रभाव र भविष्यमा गर्नु पर्ने कार्यक्रमको बारेमा एक अध्ययन गर्न लागेकोले यसको लागी परामर्श सेवा (Consultancy Services) दिन इच्छुक व्यक्ति वा फर्महरुले तपसीलका बुदाहरुलाई ध्यानमा राखी आफुले यस क्षेत्रमा अध्ययन गर्न चाहेको व्यहोरा (Expression of Interest) खुलाई मिति २०६८/१०/३ (जनवरी १७, २०१२) सम्ममा जानको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

### तपसील

१) उक्त अध्ययन मार्च, २०१२ भित्रमा गरी सक्नु पर्नेछ ।
२) अध्ययन उपत्यका भित्रका र वाहिरका जिल्ला समेत गरी जम्मा ५ जिल्ला/क्लसटरमा गर्नु पर्नेछ ।
३) अध्ययनमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, जाइका नेपाल आदि संघ संस्थाबाट यस क्षेत्रका सन्दर्भ सामग्रीहरु संकलन गरी Review गर्नुको साथै विभिन्न लेभल (जिल्ला /केन्द्र) मा सर्भे गरी डाटा संकलन, विश्लेषण गर्नु पर्नेछ ।
४) अध्ययनको क्रममा जिल्ला तथा केन्द्रमा सरोकारवालाहरुसँग बैठक /भेला गरी आवश्यकता अनुसारको तथ्याङ्कहरु संकलन गर्नु पर्नेछ ।
५) छनोट भएका फर्म/व्यक्तिहरुले जानबाट तोकिएका कोअर्डिनेटर लगायतका व्यक्तिहरु समेत समावेश गरी टिम बनाई अध्ययनको काम गर्नु पर्नेछ । जानबाट तोकिएका कोअर्डिनेटर र अन्य व्यक्तिहरुको खर्च जाइका नेपालबाट यस कामको लागी प्राप्त बजेटमा नै समाबेस गराउनु पर्नेछ ।
६) यस अध्ययनको लागि जानको कार्यालयमा भएको संपूर्ण भौतिक सुविधा उपलब्ध गराइने हुदा सो बापत कुल बजेटको १५% ओभरहेड जानलाई बुझाउनु पर्नेछ ।
७) अध्ययनमा प्राप्त जानकारीहरुको बारेमा एउटा सेमिनार आयोजना गरी छलफल गराई प्राप्त सुझावहरुलाई समेत समावेस गरी रिपोर्टलाई अन्तिम रुप दिनु पर्नेछ ।
८) अध्ययन पुरा भएपछि गुणस्तरीय रिपोर्ट तयार गरी जानबाट तोकिएका कोअर्डिनेटरलाई बुझाउनु पर्नेछ ।
९) माथि उल्लेखित संपूर्ण कामहरु संस्थागत रुपमा के कति रकममा सम्पन्न गराउन सकिने वा व्यकितगत रुपमा के कति रकममा काम गर्न सक्ने सो समेत निवेदन पत्रमा उल्लेख गर्नु पर्नेछ ।
१०) प्राप्त निवेदनहरु माथि विचार गरी निर्णय गर्ने संपुर्ण अधिकार जानलाई हुनेछ ।
११) उक्त कामको लागि जानका सदस्यहरुलाई प्राथमिकता दिइने छ । छनोट भएका **Consultant** हरुले जानबाट उपलब्ध गराइएको **TOR** अनुसार काम गर्नु पर्नेछ ।
११) छनोट भएको फर्म/कम्पनी /व्यक्तिहरुलाई के कसरी टिम बनाई काम गराउने भन्ने अधिकार जानलाई हुनेछ । टिममा काम गर्ने **Consultant** लगायतका सपूर्ण व्यक्तिहरुको छनोट जानबाट तोकिएका कोअर्डिनेटरको सिफारिस अनुसार हुनेछ ।
१२) यस सम्बन्धमा थप जानकारी आवश्यक परेको खण्डमा जानको कार्यालय, बल्खुमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

ई. दिल्लीरत्न शाक्य
अध्यक्ष